॥ श्री ॥

# सुनसरी जिल्ला अदालत

## इनरुवा, सुनसरी

फ्याक्स नं. ०२५-५६०११४
फोन नं. ०२५-५६०९५२
Email-info.dcsunsari@supremecourt.gov.np

प.सं.- ०७८/०७९
च.नं. ९

मितिः २०७८/४/१

**सूचना!** **सूचना!!** **सूचना!!!**

महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को कारण निशेधाज्ञाको अवधिभर सिमित गरिएको यस अदालतबाट प्रबाह गरिने सेवा अदालतमा भिडभाड नहुने गरी सूचारु गर्ने सन्दर्भमा सुनसरी जिल्ला अदालत वार इकाईका पदाधिकारीसँगको छलफलबाट सहमति भए बमोजिम आजै बसेको यस अदालतको पूर्ण बैठकबाट मिति २०७८।४।६ गते देखि यस अदालतबाट प्रवाह हुने सेवा नियमित रुपमा सुचारु गर्ने निर्णय भएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कोभिड १९ को संक्रमणको अवस्था दिनानुदिन बढ्दै गएको, सेवा प्रवाह सूचारु गर्दैमा संक्रमणको जोखिम समाप्त भै सकेको अवस्था नहुँदा देहायमा उल्लेख भए बमोजिम स्वास्थ्य सुरक्षाका मापदण्डहरु अपनाई सेवा प्रवाहलाई व्यवस्थित गर्न सहयोग गरिदिन हुन सरोकारवाला सवैलाई अनुरोध गरिन्छ।

<u>देहाय</u> २०७८।१।१८ देखि

१. यस अदालतमा म्याद तारेखमा उपस्थित हुनुपर्ने व्यक्तिको हकमा मिति २०७८।४।५ गते सम्मको अवधिलाई शुन्य समय मानिने छ। सो अवधिका मुद्दा तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद, तारेख नगुज्रने।

२. यस अदालतमा उपस्थित हुनुपर्ने सेवाग्राहीले मिति २०७८।४।६ गतेवाट ३० दिन भित्र उपस्थित हुनुपर्ने। सो अवधिमा गुज्रेको म्याद, तारेख र हदम्यादको गणना नहुने। सो देखि अन्य कुराको हकमा सम्मानित सर्वोच्च अदालतको ०७८-RE-०३९२/२०७६-WO-०९४४ मिति २०७७।२।१५ मा भएको आदेशानुसार हुने।

३. फिरादपत्र, विशेष प्रकृतिका निवेदनहरु प्रत्येक दिन दिनको २:०० बजे भित्र पेश गरी सक्नु पर्ने।

४. सेवाग्राहीहरुलाई सेवा प्रदान गर्न आउँदा अदालत मूलद्वार बाहिर धारा पानी र सावुनको व्यवस्था सहित मुलद्वारमा फिवर गनबाट ज्वरो मापन गर्ने, अदालत प्राङ्गणमा समेत सावुन पानीले हात धुने व्यवस्था गरिएको हुँदा ज्वरो मापन गरी साबुन पानीले अनिवार्य रुपमा हात धोई एकअर्का बीच निश्चित दुरी कायम राखी मात्र सेवा लिई दिनु हुन ।

५. जिज्ञाशा शान्त पार्न सोधपुछका लागि मात्र अदालत प्रवेश गरी अनावश्यक ओहोर दोहोर र भिडभाड नगरिदिनु हुन, ज्वरो रुघा खोकी लागेका सेवाग्राहीले अदालतमा प्रवेश गर्नु अघि त्यस्तो लक्षण भएको व्यहोराको जानकारी अदालतका कर्मचारी र खटिएका सुरक्षाकर्मीलाई अनिवार्य रुपमा गराउनु हुन।

६. मास्क प्रयोग नगर्ने, स्वास्थ्य सुरक्षाका मापदण्डको पालना नगर्ने र परिचय-पत्र नभएका, कामसँग असम्बन्धित व्यक्तिहरुलाई अदालत प्रवेश गर्नबाट रोक लगाउन सकिने भएकाले त्यसतर्फ सचेत भई दिनु हुन ।

७. आफुसँग सम्बन्धित काम समाप्त भएपछि अदालत प्राङ्गणमा घुमफिर गर्ने, चमेनागृहमा निरन्तर रुपमा बसी भिडभाड गर्ने, जमघट र भेला हुने कार्य नगरिदिन हुनका साथै सेवा लिंदा नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालन गर्ने गरिदिनु हुन ।

८. सेवाग्राहीलाई अदालत भवन भित्र प्रवेश नगरी सम्बन्धित फाँटको झ्यालबाटै सेवा प्रदान गर्ने व्यवस्था मिलाईएकोले आफ्नो नाम पुकारा भएपछि सम्बन्धित इजलासमा जाने बाहेक अन्य व्यक्तिहरु अदालत भवन भित्र प्रवेश नगरी दिन हुन ।

२०७८।४।१
.............................
नगेन्द्रकेशरी पोखरेल
(स्रेस्तेदार उप-सचिव)